**स्थानिय राजपत्र**

भानु नगरपालिकाद्वारा प्रकाशित

| खण्डः ८ | संख्याः १५ | मितिः२०८२/०५/२० |
| --- | --- | --- |

**भाग–२**

**भानु नगरपालिका**

भानु नगरपालिका पशुपंछी तथा मत्स्य विकास शाखाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन गर्दा वास्तविक कृषक/समुहहरु समक्ष लक्षित कार्यक्रमहरु पुगी कृषि/पशु सेवा पेशालाई व्यवसाय उन्मुख र प्रतिस्पर्धी बनाई कृषि/पशु सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न टेवा पुगोस भन्ने उद्धेश्यले भानु नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखा द्वारा यो कार्यविधि लागु गरिएको छ ।

**पशुपन्छी तथा मत्स्य विकास शाखा वाट संचालन गर्ने कार्यक्रमको कार्यान्वयन कार्यविधि – २०८२**

## परिच्छेद : १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :–

१.१ यो कार्यविधिको नाम **पशुपंछी तथा मत्स्य विकास शाखावाट संचालन गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि –२०८२** रहेको छ ।

१.२ यो कार्यविधि भानु नगरकार्यपालिको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि भानु नगरपालिका भर प्रारम्भ हुनेछ ।

१.३ परिभाषा :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) कृषक भन्नाले पशु विकास शाखा बाट प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र रितपूर्वकको निवेदन दर्ता गरी पशु वस्तु वा सेवा माग गर्ने व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्दछ ।

ख) कृषक समूह भन्नाले साविक जिल्ला पशु सेवा कार्यालय हाल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा भानु नगरपालिकाको पशुपंछी तथा मत्स्य विकास शाखामा नियम अनुसार दर्ता भई नविकरण भईरहेको कृषक समुहलाई जनाउँछ ।

ग) कृषि पेशा भन्नाले मुख्य रुपमा कृषि/पशुजन्य उत्पादन कार्यमा संलग्न पेशालाई जनाउनेछ ।

घ) घाँस भन्नाले पशुवस्तु लाई खुवाउन प्रयोग गरिने पौष्टिक युक्त हरियो आहारा लाई जनाउँछ ।

ङ) च्यापकटर भन्नाले व्यवसायिक रुपमा पशुपालन गर्दा घाँस लाई काट्न प्रयोग हुने फलाम बाट बनेको मेशिनलाई जनाँउदछ ।

च) जुनोटिक रोग भन्नाले मानिसबाट पशु र पशुबाट मानिसमा सर्ने रोग बारे जनाँउदछ ।

छ) ठेला गाडा भन्नाले व्यावसयिक रुपमा पशुपन्छि पालन गर्दै आएका किसानलाई मल र दाना ओसार पोसार (व्यवस्थापन)जनाँउनेछ ।

ज) पशु भन्नाले गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुकुर, खरायो, बिरालो तथा माछा र घरपालुवा पशुपंक्षी आदि लाई संम्झनु पर्दछ ।

झ) पशु सेवा कार्यक्रम भन्नाले पशुपंछी तथा मत्स्य विकास शाखाको लागि भानु नगर परिषदबाट स्वीकृत कार्यक्रम/क्रियाकलापलाई जनाउनेछ ।

ञ) पशु सेवा शाखा वा पशु विकास शाखा भन्नाले पशुपंछी तथा मत्स्य विकास लाई जनाँउनेछ ।

ट) प्रिस्क्रिप्सन भन्नाले रगत, पिसाब, छाला, पिप, गोबर परिक्षण पश्चात वा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी कृषकलाई औषधी वितरण गर्ने पत्र सम्झनु पर्दछ ।

ठ) फार्म भन्नाले पशु सेवा तथा उत्पादनमा कार्यक्रम संचालन गर्ने उद्धेश्यले पर्यटन तथा घरेलु उद्योग कार्यालय,वडा कार्यालयमा वा पशु विकास सम्बन्धि निकायमा नियम अनुसार दर्ता भएका फार्मलाई सम्झनु पर्दछ ।

ड) विभाग भन्नाले पशु सेवा विभाग लाई जनाँउनेछ ।

ढ) माछा पोखरी निर्माण वा मर्मत भन्नाले माछा पालन गर्नको लागी नयाँ पोखरी निर्माण गर्ने वा भत्किएको पोखरीलाई पुनः निमार्ण गरिएको लाई जनाँउनेछ ।

ण) सहकारी संस्था भन्नाले साविक डिभिजन सहकारी कार्यालय, भानु नगरपालिकाको सहकारी ऐन २०७४ अनुसार दर्ता भएका कृषि सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

परिच्छेद : २

संचालन हुने कार्यक्रम/क्रियाकलापहरु

यस कार्यविधिमा पशु सेवा कार्यक्रम भन्नाले निम्न क्रियाकलापहरुलाई जनाउनेछ ।

# १. चिस्यान केन्द्रसंग साझेदारी अनुदान कार्यक्रम

## १.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

१) स्वच्छ, स्वस्थ्य र गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थहरु उपलव्ध गराउन सहयोग गर्ने ।

२) दुध तथा दुधजन्य व्यवसाय प्रवर्द्धन गर्ने ।

३) दूध चिस्यान केन्द्रको स्तर उन्नती गरी सफा स्वच्छ र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थहरु उपलब्ध गराउने ।

४) गुणस्तरीय एवं प्रशोधित दूध उत्पादन गरी विक्री वितरण गर्ने ।

## १.२ साझेदारी सम्वन्धी व्यवस्थाः

१)कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम र बजेट बमोजिम सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गर्नको लागि साझेदार संस्थाहरुसंग सहकार्य गर्न गराउन सक्नेछ ।

२) साझेदारमा दूध चिस्यान केन्द्र सुधारको लागि मेशिनरी यन्त्र उपकरण खरिद जस्तै चिलिङ्ग भ्याट, थ्रि फेजको लाईन वा जेनेरेटर व्याक अप, मिल्क एनालाईजर, क्रिम सेपेरेटर आदि र भौतिक संरचना हरु जस्तै आवश्यक भवन निर्माण ट्वाइलेट आदि जस्ता पूर्वाधारहरुमा खर्च गर्न सकिने छ तर कुल लागतको साझेदार संस्थाले कम्तिमा ५०प्रतिशत सहकार्य स्वयमले गर्नुपर्ने छ । मेसिन तथा उपकरण खरिद गर्दा मेसिनको स्फेसिफिकेसन तथा क्षमता र भैतिक संरचना निर्माण गर्दा ईन्जिनियरको लागत स्टमेट प्रस्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

३) साझेदार संस्थालाई कार्य सम्पादन आर्थिक विकास समितिको अनुगमन पश्चात कार्यालयले स्वीकृत गरेको कार्यक्रम अनुसारको अनुदान रकम उपलव्ध गराउने छ ।

४) अधिकतम साझेदारी रकमको जुनसुकै सिमा तोकिएको भए पनि वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन।

५) पूँजिगत साझेदारी सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना गर्न अधिकतम ५० प्रतिशत सम्म रकम उपलव्ध गराउन सकिने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले आफ्नो आन्तरीक स्रोतवाट वहन गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने छ ।

६) सहकार्यमा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम अर्न्तगत वा मातहतका

कार्यालयहरुवाट विगत ३ वर्ष भित्र अनुदान लिईसकेको साझेदारहरुलाई उही व्यवसायको लागि छनौट गरिने छैन ।

७) एक पटक अनुदान प्राप्त गरेका व्यवसाय कम्तिमा ५ वर्ष सम्म संचालन गर्नुपर्ने छ ।

८) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई कारवाही गरि सरकारी बाँकी सरह असुल उपर गरिने छ साथै पुर्ण अनुदान बाट बन्चित गरिनेछ।

**१.३ प्रस्ताव आव्हान र पेश गर्ने विधिः**

१) कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरि कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गरिनेछ ।यस्तो सूचना राष्ट्रिय दैनिक पत्रिका, स्थानीय तहको सूचना पाटी, सेवा केन्द्र, सेवा कार्यालय, वडा कार्यालयको सूचना पाटीमा र वेबसाईटमा समेत प्रकाशित गर्नुपर्ने छ ।

२) ईच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र प्रस्ताव पत्र, संक्षिप्त व्यवसायिक कार्य योजना, लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र, सम्बन्धित सेवा केन्द्र र शाखको सिफारीस र निवेदन सहित निर्धारीत समय भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्ने छ ।

३) रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

४) म्याद थप सम्वन्धी व्यवस्थाः साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्ताव पर्याप्त मात्रामा दर्ता हुन नआएको खण्डमा सम्वन्धित कार्यालयले १५

दिनको म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

**१.४ भुक्तानी प्रक्रियाः**

१) दूध चिस्यान केन्द्र निर्माण भएको आधारमा बढीमा ३ किस्तामा (रनिङ विलका आधारमा २ किस्ता र कार्य सम्पादन प्रतिवेदनका आधारमा अन्तिम किस्ता ) भुक्तानी व्यवस्था मिलाइने छ ।

२) कार्यालयले नियम अनुसार कन्टेजेन्सी रकम कट्टा गरिने छ ।

३) भुक्तानी सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४) सहकार्यमा कार्यक्रम संचालन गर्नको लागि साझेदारी संस्थालाई कुल लागतको बढीमा ५० प्रतिशत सम्म उपलव्ध गराईने छ ।

५) कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## २. जुनोटिक रोग कार्यक्रम

**२.१ कार्यक्रम संचालनको उद्देश्यहरु** : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

१. पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोगको बारेमा जानकारी गरी सचेतना फैलाउने ।

२. विद्यालयमा आधारभुत र माध्यमिक तहमा अध्यनरत विद्यार्थीहरुमा जुनोटिक रोग बारे विद्यालयमा नै शिक्षण कार्यक्रम संचालन गरी सचेतना फैलाउने ।

३. विश्व पशु स्वास्थ्य संगठनले प्राथमिक सुचिमा राखेको जुनोटिक रोगका बारेमा विद्यार्थी तथा जनतालाई जानकारी गराउने ।

४. स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखा संग समन्वयमा जनचेतना मुलक गोष्ठी संचालन गरी सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीहरुसंग समन्वय गरी जुनोटकि रोग नियन्त्रणमा सहयोग गर्ने ।

**४.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. जुनोटिक रोग सम्बन्धी कृषकहरुमा सचेतना फैलाउनका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

२. विद्यालयमा आधारभुत वा माध्यमिक तहमा अध्यनरत विद्यार्थीहरुमा जुनोटिक रोग बारे सचेतना फैलाउन विद्यालयमा नै शिक्षण कार्यक्रम संचालन गरीने छ ।

३. स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखासंग समन्वयमा जनचेतना मुलक गोष्ठी संचालन गरी सम्बन्धित निकायका पदाधिकारीहरु तथा जनप्रतिनिधीहरु, महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी संग समन्वयात्मक कार्यक्रम संचालन गरीने छ ।

४. कार्यक्रम संचालनका क्रममा सहभागीहरुलाई खाजा खर्च, स्टेशनरी, सहभागीलाई यातायात खर्च र प्रशिक्षक भत्ता लगायत व्यवस्थापन तथा प्रशासनकि खर्च शिषर्कहरुमा खर्च गरीनेछ ।

## ३. प्रविधिक कर्मचारीहरुको क्षमता अभिबृद्दि कार्यक्रम

**३.१ कार्यक्रम संचालनको उद्देश्यहरु** : यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेकाछ्न् ।

१. प्राविधिक कर्मचारीको क्षमता अविबृद्दि गरी कार्य क्षमताममा सुधार गर्ने।

२. नयाँ प्रविधि तथा बैज्ञानिक पद्दतिको जानकारी गराई सेवा प्रबाहमा दुरुस्तता प्रधान गर्ने ।

३. बैज्ञानिक तथा आधुनिक प्रविधिको प्रयोग गरी कार्य संचालन गर्ने ।

४. सम्वन्धित निकाय सगँ सम्वन्य र सहजिकरण मार्फत कर्मचारीमा निखारपन ल्याउने ।

**३.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छ्न ।

प्राविधिक कर्मचारीको क्षमता अभिवृद्दिको लागी पालिकाको आयोजनामा विभिन्न किसिमका जस्तैः जुनोटिक रोग, आधुनिक प्रविधि ल्याव संचालन हालै देखा परेका रोग निदान, कृत्रिम गर्भाधान, हिट सिन्क्रोनाईजेसन, पशु प्रजनन् विकृति सम्वन्धित जस्ता तालिम संचालन गर्न सकिने छ ।

१. पुर्नताजकी तालिमको व्यवस्था गरी क्षमता अभिबृद्दि गर्न सकिने छ ।

२. तालिम संचालन गर्दा प्राविधिक खर्च प्रशासनिक खर्च हल भाडा सहभागीको दैनिक भ्रमण भत्ता खाजा खाना खर्च स्टेशनरी र व्यवस्थापन खर्च कार्यक्रम वाट उपल्ब्ध गराईने छ ।

३. कुनै पनि संगठानात्मक निकाय नेभ्ला नेल्टा नाटा पाराभेटको आयोजनामा संचालन भएको प्राबिधिक क्षमता अभिबृद्दि हुने खालको तालिममा सहभागी हुनका लागी कर्मचारीलाई तालिम अवधिमा दैनिक भ्रमण भत्ता यतायात तालिम शुल्क वा सहयोग रकम यस कार्यक्रम वाट उपल्व्ध गराईने छ ।

४. कुनैपनि प्राविधिक कर्मचारी निजी संघठन तथा विशेष शुल्क लाग्ने तालिममा सहभागी हुन सक्नेछन ।उक्त तालिममा सहभागी हुदाँ लाग्ने दस्तुर भ्रमण भत्ता यातायात जस्ता सम्पुर्ण खर्च पालिकाले यसै कार्यक्रम मार्फत उपलब्ध गराउन सकिने छ ।

५. क्षमता अभिबृद्दिका लागी फिल्ड अवलोकन अनुसन्धान प्रतिवेदन सुपरिवेक्षण आदि गरी दस्तावेज निमार्ण र तालिम संचालन गर्न सकिनेछन ।

६. कर्मचारीको क्षमता अभिबृद्दिका लागि सेवाकालिन तालिममा सहभागि हुदा लाग्ने दस्तुर, दैनिक भ्रमण भत्ता र यातायात कार्यक्रम वाट खर्च गर्न सकिनेछ ।

७. प्र.प्र.अ.ले उपयुक्त ठानेमा आर्थिक विकास समितिको सिफारिस अनुसार अन्य क्रियाकलापहरु पनि संचालन गरि प्राविधिक कर्मचारी क्षमता अभिबृद्दि गर्न सकिने छ ।

## ४. औषधी खरिद तथा वितरण \पशुपंक्षी रोग निवारण कार्यक्रम

यस कार्यविधिमा औषधी खरिद तथा वितरण कार्यक्रम भन्नाले पशुहरुमा लाग्ने रोग तथा परजिवि निवारण गर्नका लागी औषधी खरिद वितरण गर्ने क्रियाकलापलाई जनाउने छ ।

**४.१ औषधी खरिद :**

१. पशुपंक्षीहरुमा देखा पर्ने आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण गर्न सामान्य रोगको उपचार गर्ने कार्यका लागी औषधी खरिद गरिन्छ ।

२. पशुको उपचारार्थ खरिद गरिने औषधी कार्यक्रम बमोजिमका हुनेछन ।

३. औषधी खरिद गर्दा खरिद समितिको स्विकृत गरी कोटेशन वा टेन्डरको माध्यम अनुसार खरिद गरिने औषधीहरुका लागी कार्ययोजना निर्माण गरि टिप्पणी आदेश पेश गरि स्वीकृत पश्चात खरिद गरिने छ ।

४. आवश्यक औषधी खरिद गर्दा कोटेशन वा टेन्डरको माध्यमवाट आवश्यक प्रकृिया पुरा गरि खरिद ऐन अनुसार खरिद गरिनेछ ।

५. औषधी खरिद पश्चात जिन्सी शाखामा दर्ता गरि सेवा केन्द्रमा पठाई आवश्यकता अनुसार भण्डारणका लागी जिन्सी शाखा प्रमुखको रोहोवरमा भण्डारण गरी वितरण गरिनेछ ।

६. औषधी खरिद गर्दा कम्तिमा २ वर्षको म्याद रहेको औषधी खरिद गरिने छ ।

७. औषधी बितरण कार्यक्रम शाखा प्रमुखको सिफारिसमा प्र.प्र.अधिकृतको स्वीकृत पश्चात औषधी वितरण संचालान हुनेछ ।

## ४.२. औषधी वितरण :

१. भानु नगरपालिकाको कृषक, फर्म,सहकारी तथा कृषक समुहमा औषधी वितरण गरिने छ ।

२. औषधी वितरण कार्य पशु विकास शाखा तथा सेवा केन्द्र मार्फत वितरण गरिने छ ।

३. गाई भैसीको आन्तरिक परजिवि नियन्त्रण गर्ने औषधीको हकमा गोवर परिक्षण पश्चात परजिवि पहिचान गरि रोग निधान पश्चात मात्र वितरण गरिन्छ ।

४. भेडा बाख्रा र बंगुरको हकमा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी औषधी वितरण गरिने छ ।

५. औषधी वितरण कार्य गोवर, रगत, पिप, पिसाब, छाला परिक्षण पश्चात वा लक्षणका आधारमा रोग तथा परजिवि पहिचान गरी प्रिस्क्रिप्सन का आधारमा मात्र औषधी वितरण गरिने छ ।

६. एक चोटी औषधी प्राप्त गरेको कृषकले पुन चार महिना पश्चात मात्र आन्तरिक तथा वाह्य परजिविको औषधी पाईने छ ।

७. कृषकले आफ्ना लागी आवश्यक औषधी मात्र प्राप्त गर्ने छ ।( छिमेकी तथा आफन्तका लागी पनी लैजान्छु भन्न पाइने छैन ।)

८. औषधी लैजाने कृषकहरुले आपनो पशुमा अनिवार्य रुपमा पि.पि.आर,एफ.एफ.डी,एच.एस,वि.क्यू को भ्याक्सिन लगाउनु पर्ने छ ।

९.  एक किसानले एक चोटीमा २० बाख्रा, ५ गाई, ५ भैसी, १० बंगुर भन्दा बढी पशुका लागी औषधी लैजादा वडा कार्यलयको सिफारिस वा फर्म दर्ताको प्रमाण पत्र आवश्यक पर्ने छ ।

१०. वितरण गरिएको औषधीको रेर्कड दुरुस्त रुपमा राखिने छ ।

११. प्रतेक महिना सेवा केन्द्रबाट प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

## ५.  रेबिज रोग नियन्त्रण कार्यक्रम :

**५.१ कार्यक्रम संचालनका क्रियाकलापहरुः** यस कार्यक्रम संचालनका क्रियाकलापहरु  देहाय बमोजिम रहेका छन ।

१. नगरपालिकाभित्र कुनै पनि स्थानमा रेबिज रोग देखा परेमा वा शंका लागेमा रोग निदानका लागी पशु विकास शाखा तथा सेवा केन्द्रका प्राविधिकहरु लाई सम्बन्धित प्रयोगशालामा नमुना सम्प्रेषण गर्न कुनै बाधा हुनेछैन । नमुना सम्प्रेषण तथा नमुना संकलन गर्दा लाग्ने आवश्यक सामाग्री खरिद तथा व्यवस्थापन, दैनिक भ्रमण भत्ता र यातयात कार्यक्रमबाट नै प्रविधिकलाई उपलब्ध गराउनुपर्ने छ ।

२. नगरपालिका भित्र रहेका सामुदायिक तथा घरपालुवा कुकुरमा रेबिज विरुद्दको खोप शिविर संचालन पशु विकास शाखा तथा पशु सेवा केन्द्र मार्फत गरिनेछ ।

३. रेबिज विरुद्दको खोप शिविर तथा कुकुर बन्ध्याकरण कार्य रेबिज दिवसको अवसरमा सेप्टेम्वर २८ वा कुनै पनि समयमा संचालन गर्न सकिने छ । जसमा आवश्यक पर्ने औषधी तथा उपकरण खरिद गर्न, शिविर संचालनका समयमा पशु चिकित्सक तथा प्राविधिक भत्ता तथा खाना खर्च र ढुवानी खर्च गर्न सकिने छ ।

४. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संग समन्वय गरी रेबिज विरुद्दको खोप शिविर तथा कुकुर बन्ध्याकरण कार्य संचालन गर्न सकिने तथा रेविज रोग विरुद्दको धेरै खोप आवश्यक पर्ने तथा महामारी फैलिएमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संग समन्वय गरी सेवा प्रवाह गरिनेछ ।

५. कुकुर बन्ध्याकरण कार्य संचालनको हकमा कोटेशनको माग गरि प्रति कुकुरमा कम लागत पेश गर्ने निकायलाई सम्झौता गरि कार्यक्रम संचालन गर्न सकिनेछ ।

६. रेबिज दिवसको समयमा रेबिज सम्बन्धी जनचेतना फैलाउनको लागि सम्बन्धित निकायको सहभागितामा अभिमुखिकरण तथा जनचेतना मुलक कार्यक्रम संचालन गर्न सकिने छ ।

७. रेविज दिवसमा रेविज रोग सम्बन्धी जनचेतना फैलाउन सप्ताहव्यापी कार्यक्रम गर्न तथा सामुदायिक तथा घरपालुवा कुकुरमा रेविज विरुद्दको खोप संचालन कार्यक्रम संचालन गर्न सकिने छ । कार्यक्रममा खोप खरिद, सामाग्री खरिद, प्राविधिकको भत्ता, खाना तथा खाजाको ब्यबस्था गरिनेछ।

८. रेविज रोग विरुद्दको खोप पशु विकास शाखा तथा पशु सेवा केन्द्र मार्फत निःशुल्क वर्ष भरि नै पोस्ट र प्रि दुवै खोप उपलब्ध गराईनेछ । प्राविधिकहरुले रेबिज बिरुद्द जनचेतना फैलाउन टिसर्टमा नगरपालिकाको नाम सहित प्रिन्ट गरी प्राविधिकलाई वितरण गरिने छ ।

९. सक्रमण नियन्त्रणमा प्राविधिक परिचालनका क्रममा दुर्घटना भएमा वा संक्रमणको शंका लागि परिक्षण गर्न पर्ने भएमा वा कुनैपनि रोगको कन्ट्यामिनेशन

भई सो रोगको भ्याक्सिन लगाउनु पर्ने भएमा सो को भरपाई नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१०. कार्यक्रम व्यवस्थापन तथा प्रशासनकि खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## ६. महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम

**६.१ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगरपालिका भित्र पशुमा लाग्ने सरुवा रोग जुन WOAH ले प्राथमिकता सुचिमा राखेको वा नेपालको राजपत्रमा सुचिकृत रोगहरुको संक्रमण देखापरेमा उक्त स्थानमा रोग नियन्त्रणका लागी आवश्यक पर्ने औषधि खरिद गर्न सकिने छ ।

२. पशुहरुमा लाग्ने रेबिज, खोरेत, पि.पि.आर, भ्यागुते, चरचरे, लम्पि स्किन रोग, अफ्रिकन तथा क्लासकिल स्वाइन फिवर रोग तथा तिनको रोकथामका लागी उपयुक्त समय र पशुहरुमा खोप संचालन गरिने छ ।

३. खोप संचालनका क्रममा आवश्यक परेको खण्डमा **निजी प्राविधिक भ्याक्सिनेटर नियुक्ती सम्बन्धी कार्यविधी २०७८** बमोजिम परिचालन गरी उक्त निजी प्राविधिकलाई सेवा सुविधा नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

४. खोप संचालनका क्रममा प्राविधिक लाई यातायात तथा दैनिक भ्रमण भत्ताको व्यवस्था नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

५. खोप संचालनका क्रममा वर्ष भरीका लागी पशु विकास शाखामा भ्याक्सिन सुरक्षित भण्डारणको व्यवस्था गरिनुपर्ने छ ।

६. पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पशुपंक्षीमा लाग्ने रोग तथा परजिवीहरुको निदान गर्नका लागी आवश्यक पर्ने उपकरणहरु खरिद गरिने छ ।

७. पशु विकास शाखामा संचालनमा रहेको प्रयोगशाला लाई व्यवस्थित गरी सेवा प्रवाह गरिने छ ।

८. संक्रमण नियन्त्रणमा सेवा केन्द्रका प्राविधिक परिचालनमा कुनै बाधा हुने छैन ।

९. संक्रमण देखापरेको क्षेत्र बाट करिब ५०० मिटर देखी १ कि.मी सम्म रिङ भ्याक्सिन संचालन गर्न सकिने छ ।

१०. संक्रमण नियन्त्रणमा आवश्यक पर्ने औषधी तथा भ्याक्सिन नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

११. संक्रमणमा क्षति भै पशु मरेमा वा अंगभंग भएमा सम्बन्धित निकायमा क्षतिपुर्तीका लागी सिफारिस गर्न सकिनेछ ।

१२. संक्रमण नियन्त्रणमा प्राविधिक परिचालनका क्रममा दुर्घटना भएमा वा संक्रमणको शंका लागी परिक्षण गर्न पर्ने भएमा वा कुनैपनि रोगको कन्ट्यामिनेशन भई सो रोगको भ्याक्सिन लगाउनु पर्ने भएमा सो को भरपाई नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१३. नमुना संकलन गरी सम्बन्धति प्रयोगशालामा परिक्षणका लागी पठाउन सकिनेछ जसमा नमुना संकलनका आवश्यक पर्ने सामाग्री र पि.पि.ई को व्यवस्था गरी संकलन कर्ता र प्राविधिक लाई लाई यातायात तथा दैनिक भ्रमण भत्ताको व्यवस्था नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ ।

१४. कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

## ७. घुम्ती पशु स्वास्थ्य शिविर

**कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले आर्थिक विकास समिति संग समन्वय गरि स्थानिय आवश्यकता र माग अनुसार निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम गर्ने स्थान छनोट गर्नु पर्नेछ ।

२. पशु स्वास्थ्य शिविरमा विशेषज्ञ टोली भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग समन्वय गरि विज्ञ र प्राविधिकहरुको व्यवस्था गर्न सकिनेछ सोहि क्रममा खटिईने विज्ञ र प्राविधिकहरुको यातायात, ढुवानी, दैनिक भ्रमण भत्ता र खाना खाजाको खर्च कार्यक्रमबाट नै गर्न सकिनेछ ।

३. पशु स्वास्थ्य शिविर संचालनमा आवश्यक पर्ने औषधी, खोप, उपकरण, अन्य आवश्यक सामाग्री तथा तयारीको व्यवस्थापन कार्यक्रमबाट खर्च गरिनेछ।

४. पशु स्वास्थ्य शिविरमा अन्य खर्च जस्तै चियापान, खाना तथा खाजा खर्च, ट्रेविज निर्माण, मसलन्द, ईन्धन र लजिस्टिक व्यवस्थापन लगायत कुराहरुमा खर्च गर्न सकिनेछ ।

५. कार्यक्रम संचालन गर्ने क्षेत्रका लाभान्वित वर्गलाई नगरपालिका, पशुपंक्षि तथा मत्स्य विकास शाखा र सम्वन्धित वडा कार्यालय मार्फत सुचित गर्नुपर्ने छ।

## ८. स्थलगत तालिम

**कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन।

१. नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले आर्थिक विकास समिति संग समन्वय गरि स्थानिय आवश्यकता र माग अनुसार स्थलगत तालिम कार्यक्रम गर्ने विषयवस्तुको क्षेत्र र स्थान छनोट गर्नु पर्नेछ।

२. समुह वा सहकारीले माग गरे बमोजिम वा लिखित निवेदन दिए बमोजिम स्थलगत तालिम कार्यक्रम गर्ने विषयवस्तुको क्षेत्र र स्थान छनोट गर्नु पर्नेछ।

३. स्थलगत तालिममा विषयवस्तुको क्षेत्र र स्थान छनोट गरे पश्चात मात्र तालिम संचालन हुनेछ ।

४. तालिम संचालनमा प्रशिक्षक भत्ता, सहभागी खाजा , खाना, स्टेशनरी, मसलन्द, व्यानर, प्रतिवेदन जस्ता आदी कार्यमा खर्च गर्न सकिनेछ ।

४. स्थलगत १ दिने तालिममा सहभागीहरु कम्तिमा २५ जना हुनुपर्ने छ।

## ९. कृषक अवलोकन भ्रमण कार्यक्रम

**९.१ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

क. कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने स्थान र मिति शाखाले आर्थिक विकास समितिसंग समन्वय गरि समय सान्दर्भिक र विशेष उदेश्य प्राप्त हुने स्थान र मिति छनोट गर्नु पर्नेछ ।

ख. कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने सहभागीहरुको खाजा, खाना र बासको व्यवस्था र गाडी भाडा कार्यक्रमबाट खर्च गरिनेछ ।

ग. कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने फर्म, सहकारी तथा कार्यालयको अवलोकन दस्तुर कार्यक्रमबाट खर्च गरिनेछ ।

घ. कृषक भ्रमण कार्यक्रममा भ्रमण गर्ने सहभागीहरु छनोट भानु नगरपालिका को सम्पूर्ण वडाहरुका कृषकको प्रतिनिधित्व सबै समुह (गाई/भैंसीपालन, कुखुरापालन, माछापालन, बाख्रापालन, बंगुरपालन) समावेश हुने गरि शाखाले छनोट गर्नेछ ।

ङ. भ्रमण कार्यक्रम कम्तिमा १ दिन देखि अधिकतम ३ दिन सम्म हुनेछ।

## १०. पशुपंक्षी दिवस तथा प्रदर्शनी कार्यक्रम

नेपालमा कृषि तथा पशुपंक्षी तर्फका विभिन्न दिवसहरु सफलतापूर्वक मनाउनका लागी स्वीकृत बजेटबाट विभिन्न क्रियाकलाप संचालन गर्न सकिनेछ ।

१. दिवस कार्यक्रममा सम्बन्धित विषयवस्तु झल्कने गरि टि-सर्ट वा ज्याकेट(चिटर) प्रिन्ट गरि वितरण गर्न सकिनेछ ।

२. विषयवस्तुहरुको ज्ञान फैलाउन तथा प्रचार प्रसार गर्नका लागी प्रभात फेरी तथा र्यालीको आयोजना गरी कार्यक्रम संचालन गरिने छ जसमा सहभागीहरु लाई खाजा तथा पानीको व्यवस्था र फ्लेक्स, कार्ड, व्यानर मा कार्यक्रम बाट नै खर्च गर्न सकिनेछ ।

३. दिवस कार्यक्रममा दुग्ध सहकारि सं. ली, अन्डा व्यवसायि संघ संस्था, मासु पसल, सम्वन्धित विषयको संघ तथा महासंघ संग समन्वय गरि कार्यक्रम संचालन गर्न सकिनेछ ।

४. दुग्ध दिवस, अन्डा दिवसमा विद्यालयमा विद्यार्थीहरुलाई दुग्ध /अन्डा खरिद गरि वितरण गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

५. कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

६. तपशिलका दिवसहरु मनाउन सकिनेछ ।

| | |
|---|---|
| राष्ट्रिय पोल्ट्रि दिवस | पुस १७ गते |
| राष्ट्रिय बाख्रा दिवस | माघ ४ |
| बिश्व रेविज दिवस | सेप्टेम्वर २८ |
| बिश्व दुध दिवस | जुन १ |
| बिश्व भेटेरिनरी दिवस | अप्रिलको अन्तिम सनिवार |
| बिश्व पोल्ट्रि दिवस | मे १० |
| बिश्व अन्डा दिवस | अक्टोवरको दोस्रो शुक्रवार |
| बिश्व पशुपंक्षी दिवस | अक्टोवर ४ |
| बिश्व बन्यजन्तु दिवस | मार्च ३ |
| बिश्व वातावरण दिवस | जुन ५ |
| बिश्व माछा दिवस | नोभेम्वर २१ |
| राष्ट्रिय चिया दिवस | बैशाख १५ |
| राष्ट्रिय धान दिवस | असार १५ |
| राष्ट्रिय सहकारी दिवस | चैत २० |
| बिश्व खाद्य दिवस | अक्टोवर १६ |
| विश्व जुनोसिस दिवस | जुलाई ६ |

७. कुनै पनि प्रकारको पशु उत्पादन प्रदर्शन गरि विशेष कार्यक्रम संचालन गर्न सकिनेछ । जस्तैः उत्कृष्ट बाख्रा प्रदर्शन, माछा प्रदर्शन

८. यस्ता प्रदर्शन कार्यक्रम संचालन गर्दा पुरस्कार कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

९. नियमित लाग्ने हाट बजारमा पशु उत्पादन बिक्रि तथा प्रदर्शन गर्ने कृषकलाई प्रोत्साहान गर्न सकिने छ ।

# ११. डिसपेन्सरी सेवा सुधार

**११.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।**

१) पशुहरुको रोग पहिचान गरि उपचारका लागि आवश्यक पर्ने सामग्रिको उपलब्धता प्रदान गरि पशु स्वास्थ्य सेवा प्रदान गर्ने ।

२) पशु सेवा केन्द्र तथा वडा कार्यालयहरु वाट उपलब्ध पशु स्वास्थ्य तथा पशु सेवा गुणस्तरिय हुने ।

३) पशु स्वास्थ्य सेवाको प्रवाह आधुनिक तथा प्रविधिमय भै रोग पहिचान तथा निधान गरि उपचार तथा नियन्त्रणमा सहयोग हुने ।

**११.२ कार्यक्रम संचालनका क्रियाकलापहरुः** यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. पशु विकास शाखाको लागि आवश्यक पर्ने औजार तथा उपकरण जस्तैः बडिजो, कास्टिङ रोप, थर्मोमिटर, डिस्टोकिया सेट, ल्याप संचालमका लागि आवश्यक पर्ने उपकरण, माईक्रोस्कोप, एप्रोन, बिभिन्न केमिकल लगायतका सामाग्री खरिद गर्न सकिनेछ ।

२. पशु स्वास्थ्य सेवा प्रवाह गर्नाको लागि उपचार क्षेत्र डिस्पेसरी मर्मत गरि वा सेवा प्रवाह गर्नाको लागि नयाँ डिस्पेनसरी निर्माण गर्न सकिनेछ ।

३. पशु स्वास्थ्य सेवा प्रदान गर्नाको लागि आवश्यक पर्ने प्रिस्क्रिप्सन तथा दर्ता औषधी बितरण रजिस्टार खरिद गर्न सकिने छ ।

४. पशुहरुमा देखिने डिस्टोकिया समाधान गर्नाका लागि डिस्टोकिया सेटको ब्यवस्था गर्न सकिनेछ ।

५. डिस्पेन्सरीका लागि आवश्यक पर्ने केमिकल तथा रसायनको खरिद गर्न सकिनेछ ।

६. पशु सेवा तथा स्वास्थ्य कर्मचारीलाई डिस्पेन्सरी संचालन सम्बन्धी तालिम संचालन गर्न सकिने छ।

## १२. बाझोपन तथा थुनेलो निवारण

**१२.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।**

१. पशुहरुमा लाग्ने थुनेलो रोगको पहिचान गरि सो को उपचार गरि रोगको निवारण गर्ने ।

२. पशुहरुमा प्रजनन् सम्वन्धी देखापर्ने मुख्य रोग बाझोपनको कारकतत्व पहिचान गरि निवारण गर्ने ।

३. पशुको उत्पादनमा असर गर्ने प्रमुख समस्या थुनेलो र बाझोपनको न्युनिकरण गरि दुध उत्पादनमा वृद्दी गर्ने ।

४. पशुहरुको क्षति कम गर्ने ।

**१२.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको अनुसार शाखाले आर्थिक विकास समिति संग समन्वय गरि स्थानिय आवश्यकता र माग अनुसार बाझोपन तथा थुनेलो निवारण शिविर कार्यक्रम गर्ने स्थान छनोट गरि शिविर संचालन गर्नु पर्नेछ ।

२. बाझोपन तथा थुनेलो निवारण शिविर कार्यक्रममा विशेषज्ञ टोली भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग समन्वय गरि विज्ञ र प्राविधिकहरुको व्यवस्था गर्न सकिनेछ सोहि क्रममा खटिईने विज्ञ र प्राविधिकहरुको यातायात, ढुवानी, दैनिक भ्रमण भत्ता र खाना खाजाको खर्च कार्यक्रमबाट नै गर्न सकिनेछ ।

३. बाझोपन तथा थुनेलो निवारण शिविर कार्यक्रम संचालनमा आवश्यक पर्ने औषधी, खोप, उपकरण, अन्य आवश्यक सामाग्री तथा तयारीको व्यवस्थापन कार्यक्रमबाट खर्च गरिनेछ।

४. थुनेलो तथा बाझोपन लागेको पशुहरुको उपचार तथा निवारणका लागि आवश्यक पर्ने औषधी कार्यक्रम बाट उपलब्ध गराउन सकिने छ ।

५. बाझोपन तथा थुनेलो निवारण शिविर कार्यक्रममा अन्य खर्च जस्तै चियापान, खाना तथा खाजा खर्च, ट्रेविज निर्माण, मसलन्द, ईन्धन र लजिस्टिक व्यवस्थापन लगायत कुराहरुमा खर्च गर्न सकिनेछ ।

## १३.कृत्रिम गर्भाधान कार्यक्रम

**१३.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।**

क) कृत्रिम गर्भाधानको माध्यमबाट मासु तथा दुधको उत्पादनमा वृद्दि ल्याउने ।

ख) उन्नत नश्लका पाठा पाठी तथा बाच्छा बाच्छीको उत्पादन गरि नश्ल सुधार गर्ने।

ग) प्रजनन् बिकृतिबाट हुन सक्ने सम्भावितत क्षतिलाई कम गरि उत्पादकत्वमा वृद्दि ल्याउने ।

घ) कृत्रिम गर्भाधानको दरलाई अभिवृद्दि गरि दिगो र फराकिलो आर्थिक वृद्दिदर वढाउने ।

**१३.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. उन्नत जातका पशु उत्पादनको लागि कृत्रिम गर्भाधान सवै वडाका सवै कृषकहरुमा सेवा सुविधा पुर्याउने ।

२. पशु सेवा विस्तार कार्यका लागि उन्नत प्रविधि प्रसार गरि गाई तथा भैसीमा अनिवार्य रुपमा कृत्रिम गर्भाधान गराउनका लागि प्रसार कार्य गर्ने।

३. गाउँपालिका भित्र भएका तथा रहेका सम्पुर्ण वस्तुहरुको कृत्रिम गर्भाधान प्रगति प्रतिवेदन यकिन डाटा कृत्रिम गर्भाधानकर्ताले अनुसुची-८ अनुसारको ढाँचामा तयार गरी पशु विकास शाखामा मासिक रुपमा पेश गर्ने।

४. कृत्रिम गर्भाधान कार्यक्रम संचालनका लागि आवश्यक पर्ने नाईट्रोजन र सिमेन खरिद तथा ढुवानी गर्ने ।

५. कृत्रिम गर्भाधान कार्यक्रमका इन्सिमिनेटरका लागि गम वुट, एप्रोन, ए.आई ब्याग, रेनकोट जस्ता सामान खरिद गरी बितरण गर्ने ।

६. कृत्रिम गर्भाधान कार्यक्रमका लागि आवश्यक पर्ने उपकरण जस्तै ए.आइ गन, रेफ्री, भेजिना स्पेकुलम, सिथ, थर्मोमिटर , थइन मिटर , ग्लोब्स आदि खरिद गर्न सकिने छ ।

७. कृत्रिम गर्भाधान कार्यक्रमका लागि हिट सिङ्गोनाइजेशन तथा हर्मोन (हिटमा ल्याउने ) को कार्य गर्न सकिने छ ।

८. कृत्रिम गर्भाधानकर्तालाई नियमित कृतिम गर्भाधान गरि प्रतिवेदन पेश गरेमा प्रति महिना थप ५ लिटर ईन्धन प्रदान गरिनेछ । कृतिम गर्भाधानकर्ताले विल भरपाईको आधारमा ईन्धनको भुक्तानी माग गर्न सकिनेछ ।

## १४. मासु पसल सुधार कार्यक्रम

### १४.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

क) उपभोक्ताहरूलाई स्वच्छ, स्वस्थ्य र गुणस्तर प्रमाणित मासु तथा मासुजन्य पदार्थहरू उपलब्ध गराउन सहयोग गर्ने ।

ख) अस्वस्थ्य र वधका लागि अनुपयुक्त पशु बध निरुत्साहित गर्ने ।

ग) मासु तथा मासुजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गर्ने ।

घ) सरल, सुलभ र प्रतिस्पर्धी मूल्यमा उपभोक्ताहरूलाई मासु उपलव्ध गराउने ।

**१३.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१) साझेदारी कार्यक्रममा यस नगरपालिकाले कुनै निश्चित कार्यक्रम संचालन गर्नका लागि प्रदान गर्ने अनुदान रकमलाई ५०% मानि बाँकी ५०% रकम सम्बन्धित साझेदारले आफ्नो आन्तरिक श्रोतबाट लगानी गरि कार्यक्रम सम्पन्न गर्नु पर्ने छ। साथै जग्गाको मूल्यलाई साझेदारी रकममा संलग्न गर्न पाइने छैन ।

२) मासु पसल सुधार कार्यक्रम अन्तर्गत भानु नगरपालिकाबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछ ।बजार लक्षित सुधारिएको मासु पसल निर्माण तथा सुधार गर्न मासुपसलमा प्रयोग हुने औजार उपकरणहरू जस्तै

(क) डि फिज, (कम्तीमा २०० देखि ३२० लि सम्मको

(ख) मासु पसलको भुँइ र भित्तामा ६ फिट सम्म सेतो टायल,मार्बल

(ग) ट्रली

(घ) मुल्य सूचि वोर्ड

(ड) पारदर्शी सिसाको ढोका सहित छेक बार कीरा र झिङ्गा नपस्ने व्यवस्था र अन्य सुरक्षाका विधि अवलम्बन गर्न तथा बजार लक्षित सुधारिएको मासु पसल निर्माण तथा सुधार

(च), मासु कटिङ्ग, चक्कु, चपर

(छ) बध गरिएको पशु पंक्षी रौ डढाउने ग्याँस फिटिङ्ग बुलर, डिफिदर

(ज) स्टिन लेस स्टिल टेवल, कम्तीमा ४/३ देखि ५/३ सम्मको स्टनिङ

(झ मासुका अनावश्याक वेस्टेज वस्तु विर्सजन खाडल (वेष्ट डिस्पोजल)

(ञ) विजुली बत्ती, ढल निकास, पाइप फिटिङ, वाटर सेनिटाइजर, र पानी तान्ने मेसिन जडान आदि। नाश

पह्मएर नजाने अन्य औजार उपकरणहरू खरिद गर्न। विजुली बत्ती, ढल निकास, पाइप फिटिङ, वाटर सेनिटाइजर, र पानी तान्ने मेसिन जडान आदि ।

ट) डिजिटल तराजु

३) मासु पसल निर्माण/सुधारमा साझेदारी गर्नको लागि निम्न लिखित पूर्व सर्तहरू पूरा भएको हुनुपर्नेछ ।

क) होल्डिङ यार्ड, ब्लिडिङ, स्किनिङ्, डिवोनिङ्, चपिङ, फ्रिजिङ्, डिस्प्याच, ।

ख) स्वच्छ एवम् ययेष्ट पिउने पानीको व्यावस्था ।

ग) ढल निकास तथा फोहर मैला व्यवस्थापनका लागि पर्याप्त ठाउँ र जग्गाको उपलब्धता ।

घ) बाटो, बिजुली र बजारको सुविधा ।

ङ) नयां स्थापना हुने र पूराना दुवै किसिमका मासु पसलको हकमा कम्तीमा गाउँपालिका वा वडा कार्यलयमा मासु व्यावसाय दर्ता।

च) सम्बन्धीत साझेदारले स्वस्थकर मासु उत्पादन विधि परिपालना गर्न मन्जुर भएको ।

४) मासु पसल निर्माण/ सुधार गर्न साझेदार निकायसँग आफ्नै स्वामित्वको जग्गा वा लिजमा लिएको भए ५ बर्षे व्यवसाय गर्न पाउने मन्जुरि नामा हुनुपर्नेछ ।

५) सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार कार्यक्रम दुवै सम्बन्धी कार्य परम्परागत रूपले व्यवसाय गर्दै आएका पेशागत जातिलाई प्राथमिकता दिइनेछ ।

६) साझेदारी कार्यक्रममा प्रस्ताव छनौट गर्दा सरकारी निकायहरुवाट बिगत दुइ वर्ष भित्र अनुदान प्राप्त गरि सन्तोषजनक कार्य नभएका साझेदारहरुलाई व्यवसाय संचालनका लागि छनौट गरिने छैन ।

७) एक पटक अनुदान प्राप्त गरेका व्यवसायीलाई कम्तिमा अनुदान कार्यक्रममा पाँच वर्ष अनिवार्य व्यवसाय अवधि तोकिने छ ।
८) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदानको दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्राचालित कानुन बमोजिम कारवाही गरिने छ ।

**१३.३ सहकार्य सम्बन्धी व्यवस्थाः**

कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम वमोजिम सहकार्यमा सुधारिएको मासु पसल निर्माण तथा सुधार दुवै कार्यक्रम साझेदार संस्थाहरूसँग सहकार्यमा संचालन गर्न गराउन सक्नेछ ।साझेदारीको हिस्सा रकम बढीमा ५० प्रतिशत सरकारी अनुदान हुनेछ र ५० प्रतिशत आवेदक स्वयमको लगानी हुनेछ ।

**१३.३ प्रस्ताव छनौटः**

१ पेश हनु आएका प्रस्तावहरू छनौट गर्न परिच्छेत-४ अनुसारको फिल्ड अनुगमन समितिले अनुगमन/ निरिक्षण गरि परिच्छेत-५ वमोजिमको छनौट समितिले उपयुक्त प्रस्ताव अनुसूची ६ वमोजिम निर्धारित मापदण्डका आधारमा उपयुक्त प्रस्ताव छनौट गरी पेश गर्नेछ ।
२ प्रस्ताव छनौट समितिले अनुसूची- ६ वमोजिमको निर्धारित मापदण्डका आधारमा प्रस्तावहरूको मूल्याङ्कन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।
३ प्रस्ताव उपर जाँचबुझ गर्न प्रस्ताव छनौट कार्यदलद्वारा स्थलगत अनुगमन गर्नु पर्नेछ र पछिल्लो ३ वर्षभित्र योजनाको अनुदान लिएका निवेदकलाई छनौट गरिने छैन ।

४ यसरी छनौट हुन सफल भएका आवेदकसँग १५ दिनभित्र द्विपक्षीय सम्झौता सम्पन्न गरिने छ ।

५ सम्बन्धीत कार्यालयले छनौट भएका आवेदकहरूसँग सहकार्यमा मासु पसल निर्माण वा सुधार वा दुवै कार्यक्रम संचालन गर्नका लागि नगरपालिका सँग समन्वय गरी अनुसूची - २ बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ । द्विपक्षीय सम्झौतामा उल्लेखित बुँदाहरूलाई साझेदारी कार्यक्रम संचालनको मूल आधार मानिने छ ।

## १३.४ भुक्तानी प्रकृया

१) कार्य सम्पादन गरेको प्रतिवेदनका आधारमा अन्तिम किस्ता ) भुक्तानी व्यवस्था मिलाइने छ ।

२) कार्यालयले नियम अनुसार कन्टेजेन्सी रकम कट्टा गरिने छ ।

३) भुक्तानी सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४) सहकार्यमा कार्यक्रम संचालन गर्नको लागि साझेदारी संस्थालाई कुल लागतको बढीमा ५० प्रतिशत सम्म उपलव्ध गराईने छ ।

५) कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

६) अन्य भुक्तानी प्रकृया सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

# १५. पशु सेवा केन्द्र मर्मत तथा सुधार कार्यक्रम

**कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. भानु नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाको मातहतमा रहेको पशु सेवा केन्द्रहरु चन्द्रावती, सेपाबगैचा र बाईसजागरमा पशु स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक भौतिक संरचनाको सुधार तथा मर्मतका लागि निम्न कार्य संचालन गर्न सकिनेछ ।

क) सुधार तथा मर्मत गर्नु पर्ने पशु सेवा केन्द्रको लागत अनुमान योजना तथा भैतिक पुर्वाधार शाखावाट तयार गर्नु पर्नेछ ।

ख) लागत स्टेट्मेन्ट अनुसार निम्न तपशिल कार्य गर्न सकिनेछ ।

१. रंगरोगन

२. झ्याल ढोका मर्मत

३. छत मर्मत

४. भूई ढलान तथा मर्मत

५. आगन निर्माण

ग) पशु स्वास्थ्य सेवा प्रवाहका लागि ट्रेभिज निर्माण गर्न सकिने छ ।

घ) पशु सेवा केन्द्रको शौचालय मर्मत गर्न सकिने छ ।

ङ) पशु सेवा केन्द्रको बिधुतिय वायरिङ तथा पल्विङको काम गर्न सकिने छ ।

च) मर्मत तथा सुधार कार्यक्रम गर्दा लागत स्टेटमेन्टको आधारमा कोटेशन तथा ठेक्का मार्फत गर्न सकिनेछ ।

## १६. घरदैलो पशु प्राविधिक सेवा

### १६.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

क) हरेक वडाहरुमा पशुपन्छीमा पशु स्वास्थ्य सेवाको पहुच पुर्याउने ।

ख) पशुपन्छिको रोगको शीघ्र पहिचान गरि नियन्त्रण गर्ने ।

ग) पशुहरुमा आपतकालिन सेवा उपलब्ध गराई पशुको क्षती न्युनिकरण गर्ने ।

घ) पशु पालन व्यवसायको प्रवर्द्दन गरि पशु उत्पादन र उत्पादकत्व अभिवृद्दि गर्ने ।

ङ) नियमित रुपमा कृषकको पशुपालन गोठ तथा फर्मको अनुगमन गरि प्राविधिक सेवा प्रदान गर्ने ।

च) पशु तथा पशुजन्य पदार्थको व्यवसाय प्रवर्द्धन गरी बजार व्यवस्थापनमा सहयोग गर्ने तथा सरल, सुलभ र प्रतिस्पर्धी मूल्यमा उपभोक्ताहरूलाई पशुजन्य पदार्थको उपलब्धता गराउने ।

छ) पशुमा लाग्ने महामारी तथा आकस्मिक रोगको समयमानै पहिचान गरि रोग फैलन बाट वच्ने ।

छ) पशुपन्छी तथा मत्स्य विकास शाखाले प्रवाह गर्ने सूचना तथा जानकारि कृषकको घरगोठमा पुगि सूचना प्रवाह गुणस्तरिय हुने ।

**१६.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. नगरपालिकाको पशु स्वास्थ्य सेवा नपुगेको स्थानहरुमा पशु सेवा पुर्याउनका लागि सम्वन्धित वडाको समन्वयमा कृषक भेटघाट तथा पशुहरुको खोर अवलोकन गर्न सकिनेछ ।

२. वडा स्तरिय कृषक संजालको बैठकबाट उठेका कुराहरुलाई समाधान गर्नका लागि कार्यनिति निर्माण गरि सोहि अनुरुपका प्राविधिक कर्मचारीहरुले सेवा प्रवाह गर्ने सकिनेछ ।

३. पशुपन्छिको महामारी रोगको जस्तो लक्षण देखापरेमा सो स्थानवाट नमुना संकलन गरि सम्वन्धित प्रयोगशालामा पठाउन सकिने छ ।

४. पशुहरुमा आपतकालिन सेवा (डिस्टोकिया, प्रोल्याप्स, मिल्क फिवर) जस्ता समस्यामा तुरुन्त सेवा उपलब्ध गराउन प्राविधिक परिचालन गर्न सकिने छ ।

५. नियमित रुपमा कृषकको घरदैलोमा पुगेर प्राविधिक सेवा सहितको परामर्श सेवा प्रदान गर्न सकिने छ ।

६. कृषक भेटघाट कार्यक्रममा प्राविधिक कर्मचारिलाई फिल्डमा जादा भत्ता , खाजा खर्च र यातायात कार्यक्रमवाट नै व्यवस्था गरिने छ ।

७. कृषक भेटघाट कार्यक्रम संचालन गर्नाको लागि आवश्यक पर्ने मसलन्द, व्यानर, पम्लेट, पोस्टर, फ्लेक्स आदीको कार्यक्रमबाट नै खर्च गरिने छ ।

८. प्रत्येक घरगोठ भेटघाट कार्यक्रममा प्रतिवेदन पेश गरि कार्यालय प्रमुख वाट स्वीकृत गराउनु पर्नेछ ।

९. सम्वन्धित वडा कार्यालय तथा पशु सेवा केन्द्रमा समन्वय गरि घरगोठ भेटघाट कार्यक्रम संचालन गर्नु पर्ने छ ।

१०. कार्यक्रमको माईनट, फोटो तथा प्रतिवेदनको आधारमा भुक्तानीका लागि पेश गरिने छ ।

## १७. पशुपन्छीको तथ्याङ्क सहित भानु पशुपन्छी प्रोफाइल

पशुपन्छी पालक किसानको पहिचान, पशुपालनको अवस्था, उत्पादन क्षमता, खोप तथा रोग नियन्त्रण अवस्था लगायत समग्र पशुपालन क्षेत्रको योजना, अनुदान, सहायता तथा विकास कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्न "पशुपन्छी प्रोफाइल" निर्माण गर्नु आवश्यक छ।

### १७.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

- क्षेत्रगत रूपमा भानु नगरपालिका भित्रका पशुपन्छी अभिलेख राख्ने।
- पशुपन्छीहरूको रोग नियन्त्रण, खोप, उपचार, तथा नीतिगत योजना बनाउने आधार तयार गर्ने।
- दुग्ध, मासु, अण्डा उत्पादन आदि तथ्यांक संकलन गर्ने।
- सहायता तथा अनुदान वितरणमा पारदर्शिता ल्याउने।
- पशुपालन सम्बन्धित मार्गचित्र निमार्ण हुने ।
- सबै वडामा पशुपन्छी सम्बन्धी यथार्थ र अद्यावधिक तथ्यांक संकलन गर्नु।
- नीति निर्माण, सेवा प्रवाह, र अनुदान लक्षित बनाउन आधार तयार गर्नु।
- क्षेत्रगत रूपमा रोग नियन्त्रण तथा खोप कार्यक्रम संचालनमा सजिलो बनाउने।
- पशुपालन व्यवसायको स्तर वृद्धि गर्न सघाउने।

### १७.२ यस कार्यक्रम संचालनको मुख्य प्रकृया निम्न अनुसार हुनेछन ।

**क. पूर्व तयारी चरणः**

**१. प्राविधिक समिति गठन**

देहाय अनुसारको पदाधिकारी रहने गरी कार्यक्रम संचालनको लागि प्राविधिक समिति गठन गरिने छ ।

**संयोजक** – प्रमुख प्रशासकिय अधिकृत -**१ जना**

**सदस्य** – सुचना प्रविधि अधिकृत- **१ जना**

**सदस्य** – पशु विकास शाखाका प्राविधिकहरु - **सबै**

**सदस्य** – कृषि विकास शाखा प्रमुख -**१ जना**

**स.सचिव** – पशु शाखा प्रमुख - **१ जना**

* **सदस्य सचिव पशुपन्छी प्रोफाईल निर्माण कार्यक्रमको फोकलपर्सन तथा सम्पादक रहने छ ।**

माथि उल्लेखित प्राविधिक समोतिको काम र कर्तव्य निम्न बमोजिम हुनेछ ।

१. भानु नगरपालिकाको पशुपन्छी तथ्याङक सहितको भानु पशु प्रोफाईल निर्माण गर्नाक लागि आवश्यक समन्वय गर्ने ।

२. तथ्याङक संकलनको सहि वैज्ञानिक तरिका तथा विधिको प्रयोग गरि सहि तथ्याङक निकाल्ने ।

३. नियमित अनुगमन तथा निरिक्षण गर्ने ।

४. तथ्याङक संकलनका लागि आवश्यक पर्ने तथ्याङक संकलन फारम निर्माण, सुधार र परिमार्जन गर्ने ।

५. तथ्याङकको विश्लेषण गर्ने ।

६. तथ्याङक प्रामाणित गरि प्रकाशन गर्ने ।

## २. डेटा संकलन फारम विकास

तथ्याङक संकलन गर्नाको लागि प्राविधिक समितिको राय अनुसार अनुसुचि- ९ बमोजिम तथ्याङक फारम को विकास गरिनेछ ।

### ३. जनशक्ति तालिम (Enumerator Training)

तथ्याङक संकलन गर्नाका लागि समितिले उपयुक्त वैज्ञानिक तरिका तथा विधिको छनोट हरि सोहि बमिजिमको तथ्याङक संकलन फारम निर्माण पश्चात तथ्याङक संकलनकर्ता लाई तथ्याङक संकलन सम्वन्धि तालिम प्रदान गर्नु पर्नेछ ।

### ख. तथ्यांक संकलनः

१. घरदैलो/फर्म/पसल/उद्योग भ्रमणद्वारा तथ्यांक संकलन

२. हरेक किसानको नाम, ठेगाना, सम्पर्क, पशुपन्छी संख्या, जात, उत्पादन अवस्था

३. व्यवसायिक पशु फर्म, ह्याचरी , उद्योग तथा स्रोत केन्द्रको तथ्याङ्क संकलन

४. व्यबसायिक कृषकको प्रोफाईल सहित सफलताको कथा

### ग. डेटा अभिलेखीकरणः

• कम्प्युटर/मोबाइल एपमार्फत इनपुट

• Cloud/Server मा सुरक्षित भण्डारण

• नियमित अपडेटको व्यवस्था

वा

- कम्युटर एक्सलमा राखी डाटा संरक्षण तथा भौतिक संकलित फारमहरु वा डाटा संकलन गरि प्रसोधन गर्न सकिने छ ।

### ग. विश्लेषण र प्रोफाइल तयार गर्नेः

• तथ्यांकको विश्लेषण

• वडास्तर, पालिकास्तर, जिल्ला स्तरको रिपोर्ट

- जनसंख्या नक्साङ्कन (Mapping)
- प्रोफाईलको डिजाईन र सम्पादन
- फोटो तथा डाटाको मोडेल तयार गरि खाका निर्माण

**घ. प्रकाशन र सार्वजनिकरणः**

- वार्षिक बजेट/कार्ययोजनामा आधारित नीति निर्माणमा प्रयोग
- सार्वजनिक सूचना बोर्ड/वेबसाइटमा प्रकाशन
- किसान र सहकारीलाई प्रतिवेदन वितरण
- प्रोफाईलको प्रकाशन र वितरण

**ङ. जिम्मेवारी विभाजन**

१. निकाय/पद जिम्मेवारी पशु विकास शाखा समन्वय, कार्यान्वयन, अनुगमन वडा कार्यालय सर्वेक्षण सहयोग, स्थानिय परिचालन Enumerator डाटा संकलन र रिपोर्टिङ सूचना प्रविधि शाखा डेटा व्यवस्थापन पशुपन्छी तथा मत्स्य विकास शाखाको कर्मचारी तथा प्राविधिकको संलग्नतामा तथ्याङ्क संकलन गर्न सकिने छ ।आवश्यक परेको खण्डमा कृषि विकास शाखाका प्राविधिक तथा कर्मचारीलाई समेत परिचालन गर्न सकिने छ ।तथ्याङ्क संकलनमा खटिने प्राविधिक तथा कर्मचारीले नियमानुसार दैनिक भत्ता, यातायात र खाजा खर्च पाउने छन ।तथ्याङ्क संकलनमा खटिने प्राविधिक तथा कर्मचारीले दैनिक रुपमा कार्यक्रम फोकल पर्सन लाई प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**च. खर्च व्यवस्थापन तथा कार्यक्रम संचालन**

१. भानुको तथ्याङ्क सहितको पशुपन्छी प्रोफाईल निर्माण तथा तथ्याङ्क संकलनका लागि गठित प्राविधिक समितिले वैठक संचालन गर्दा वैठक भत्ता खाजा खानाको व्यवस्था कार्यक्रमबाट गरिनेछ ।

२. प्राविधिक समितिले निर्माण गरेको तथ्याङ्क सम्वन्धि वैज्ञानिक विधि तथा पद्दतिमा रहि अनुसुचि -९ बमोजिमको तथ्याङ्क फारम सम्पादन गरि प्रकाशन गरि तथ्याङ्क संकलन कर्तालाई प्रदान गरिने छ ।

३. तथ्याङ्क संकलन कर्ताको लागि आवश्यक पर्ने कलम, डायरी , व्याग, मार्कर, छाता जस्ता लजिस्टिक समानको व्यवस्था कार्यक्रमबाट गरिनेछ ।

४. तथ्याङ्क संकलन कर्तालाई तथ्याङ्क संकलन गर्नाको लागि नियमानुसार दैनिक भत्ता यातायात र खाजाको व्यवस्था कार्यक्रमबाट गरिनेछ ।

५. तथ्याङ्क संकलन कार्यको सुपरिवेक्षण तथा अनुगमन गर्ने पदाधिकारीहरुलाई अनुगमन भत्ताको व्यवस्था गरिने छ ।

६. तथ्याङ्क संकलन कर्ताले संकलन गरेको तथ्याङ्क प्रसोधन संसोधन र सम्पादन गरि तथ्याङक खाका निर्माण गरि प्रमुख प्रशासकिय अधिकृतबाट प्रामाणित गर्नु पर्ने छ ।

७. प्रमाणित तथ्याङ्क खाकालाई भानु पशुपन्छी प्रोफाईल निर्माण गर्न ड्राफ्ट निर्माण गर्न सूचना प्रविधि शाखाको सहयोगमा गरिने छ ।

८. प्राविधिक समितिको सहयोहमा भानु पशुन्छी प्रोफाईलको अन्तिम ड्राफ्ट निर्माण गरि सम्पादन गर्ने कार्य गरिने छ ।

९. अन्तिम रुपमा तयार भएको भानु पशुन्छी प्रोफाईलको प्रकाशन गरि वितरण गरिने छ ।

१०. भानु पशुन्छी प्रोफाईलको प्रिन्ट तथा प्रकाशन गर्न प्रविधिक समितिको राय सहित प्रेस लाई दिन सकिनेछ ।

११. भानु पशुन्छी प्रोफाईलको लाई भानु नगरपालिकाको वेबसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

## १८. कृषक समुह गठन र परिचालन कार्यक्रम

### १८.१ यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार हुनेछन ।

१. कृषि तथा पशुपालन कृषकहरुको समुह गठन गरि सामुहिक खेति तथा पशुपालनमा दिगो कृषि प्रणाली विकास गर्ने ।

२. कृषि व्यवसायलाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादकत्व, उत्पादन वृद्धिका लागि एकजुट भई काम गर्ने ।

३. सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।

४. सदस्यहरुमा स्वालम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना जागृत गराउने ।

५. पशु/मत्स्य पालन व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण तर्फ अगाडि बढाउने ।

६. कृषक संजाल गठन गरि सो को परिचालन गरि कृषि तथा पशुपालन सम्वन्धि जानकारी तथा सुचना कृषक समक्ष छिटो र सजिलो संग प्रवाह गर्ने ।

**१८.२ कार्यक्रम संचालनका क्रियाकलापहरु** : यस कार्यक्रम संचालनका क्रियाकलापहरु देहाय बमोजिम रहेका छन ।

१. सामुहिक खेति तथा पशुपालनमा दिगो कृषि प्रणाली विकास गर्ने उदेश्यका साथ गठित कृषि तथा पशुपालन कृषकहरुको नियमित मासिक बैठक संचालन गर्नाको लागि माईनट, लेजरबुक आदीको उपलब्ध गर्न सकिनेछ ।

२. भानु नगरपालिकाको कृषि संजाल कार्यन्वयन कार्यविधि-२०८१ को परिच्छेत-२ को दफा ८ बमोजिमको वडा स्तरिय कृषि संजाल समिति गठन गरिने छ जसको काम कर्तव्य र अधिकार सोहि कार्यविधिको दफा १९ वमोजिम हुनेछ ।

३. भानु नगरपालिकाको कृषि संजाल कार्यन्वयन कार्यविधि-२०८१ को परिच्छेत-२को दफा १५ बमोजिमको पालिका स्तरिय कृषि संजालको कार्यसमिति रहि दफा १६ बमोजिम समिति गठन गरिने छ जसको काम कर्तव्य र अधिकार सोहि कार्यविधिको दफा २० वमोजिम हुनेछ ।

४. भानु नगरपालिकाको कृषि संजाल कार्यन्वयन कार्यविधि-२०८१ वमोजिम कृषक संजाल संचालन तथा ब्यवस्थापन हुनेछ ।

५. वडा स्तरिय तथा नगरस्तरिय कृषि संजाल गठन गर्दा सहभागिहरुलाई खाजा, स्टेशनरीको व्यवस्था गरिने साथै कृषि समुह तथा संजालको वडा तथा नगर स्तरिय अन्तरक्रिया कार्यक्रम संचालन गर्न सकिने छ ।

६. भानु नगरपालिकाको कृषि संजाल कार्यन्वयन कार्यविधि-२०८१ वमोजिम वडा स्तरिय तथा नगरस्तरिय कृषि संजाल गठन गर्दा सो संजाल संचालनको लागि बैठक संचालन गर्नाको लागि माईनट, लेजरबुक आदीको उपलब्ध गर्न सकिनेछ ।

७. भानु नगरपालिका भित्र शसर्त तथा पालिका स्तरिय कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन गर्न समुह गठन गरि कार्यक्रम संचालन गर्न सकिनेछ ।

८. समुह गठनका लागि भानु नगरपालिकाको समुह गठन बमोजिमको समुह विधान रहने छ ।

९. वडा स्तरिय तथा नगरस्तरिय कृषि संजाल गठन गर्दा पशु विकास शाखा तथा कृषि विकास शाखाका प्राविधिक कर्मचारिहरुलाई समन्वय गरि कार्यक्रम संचालन गरि प्रतिवेदन पेस गरे वापत भत्ता, यातायात तथा मसलन्दको व्यवस्था गरिनेछ ।

१०. कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च यस कार्यक्रमबाट खर्च गर्न सकिने छ ।

११. कृषक संजालको नियमित मासिक वैठकमा कृषि तथा पशु सेवा प्राविधिक द्वारा वैठक सहजिकरण गरिने छ ।

१२. कृषि विकास शाखा तथा पशु विकास शाखाको वार्षिक स्वीकृत शसर्त तथा पालिका स्तरिय कार्यक्रम संचालन गर्नाको लागि कृषि तथा पशु सेवा केन्द्रहरुमा नियमानुसार बमोजिम बैठक संचालन गर्न सकिने छ ।

१३. समुह / संजाल गठन तथा संचालन गर्नाको लागि माग र आवश्यकता आधारमा जुनसुकै कार्यक्रम पनि संचालन गर्न सकिने छ ।

१४. पुराना दर्ता भएका, सक्रिय नरहेका, नविकरण नगरेका दर्ता वाला कृषक समुहलाई जागृत गर्नाको लागि नियमित बैठक संचालन तथा पदाधिकारी गठन गरि पुन गठन गर्न सहजिकरण गरिने छ ।

## १९. अनुगमन, निरिक्षण, बैठक भत्ता र विविध खर्च

१. प्राविधिक कर्मचारीहरुको मासिक बैठक संचालन गरिने छ । उक्त कार्यक्रममा खाजा खर्च उपलब्ध गराईने छ ।

२. प्राविधिक कर्मचारी संञ्चारको लागी मासिक रु ३०० का दरले उपलव्ध गराईने छ ।

३. पशु विकास शाखाको कार्यक्रम संचालन गर्दा पशु विकास शाखाको प्राविधिक र आर्थिक विकास समितिवाट अनुगमन खर्च गरिने छ ।

४. कार्यक्रम संचालनकको क्रममा ढुवानी इन्धन प्राविधिक कर्मचारीलाई उपलब्ध गराउन सकिने छ ।

५. पशुपंक्षी तथा मत्स्य विकास शाखाका लागी आवश्यक पर्ने यन्त्र उपकरण तथा सामाग्री खरिद गर्न सकिनेछ ।

६. शाखा वा सेवा केन्द्र बाहेक अन्य नगरपालकि भित्रका वडाहरुमा जादा कर्मचारीहरुलाई यातायात वा इन्धन खर्च र खाजा र खाना खर्च कार्यालयले उपलब्ध गराउनेछ ।

७. आर्थिक विकास समितिसंगको बैठक बसी कार्यक्रम संचालन गर्न सकिने छ ।

८. भैपरि आउने खर्च तथा विभिन्न शर्षिकमा खर्च गर्न सकिने छ ।

९. प्राविधिक कर्मचारीलाई सेवा प्रवाहका लागि आवश्यक पर्ने लजिस्टिक समान खरिद गरि वितरन गर्न सकिने छ ।

# परिच्छेद : ३

## (क) कार्यक्रम छनौटको प्राथमिकिकरण

परिच्छेद २ मा उल्लेखित पशु सेवाका कार्यक्रमहरु वितरण गर्दा निम्न बुँदाहरुमा केन्द्रित भएर प्राथमिकिकरण गरिनेछ ।

१. ब्यवसायिक कृषक/फार्म/समुह/सहकारी

२. सम्वन्धित वडा कार्यालयको सिफारिस भै आएमा

३. आफ्नै लगानीमा व्यवसाय सुरु भएको ब्यवसाय

४.आवश्यक पूर्वाधारहरुको व्यवस्था भएको/हुन सक्ने

५. महिला ,अपाङ्ग,,दलित,एकल महिला

६. कार्यक्रम संचलान गर्दा अघिल्लो बर्ष सेवा सुबिधा नपाउनेलाई प्राथमिकता दिइनेछ ।

## (ख) सूचना प्रवाह

१. पशु बिकास शाखावाट कार्यान्वयन हुने मूख्य कार्यक्रमहरु संचालनका लागि शाखाले कार्यक्रमको प्रकृति अनुसार कम्तिमा ७(सात) दिन देखि बढिमा ३०(तिस) दिनको म्याद कायम राखि सार्वजनिक सूचना प्रकाशन गर्नेछ । यस्तो सूचना नगरपालिकाको सूचना पाटीमा टाँस गर्नेछ । धेरै भन्दा धेरै लाभग्राहिहरु समक्ष उक्त सूचना पुर्याउन पशु बिकास शाखा, सेवा केन्द्र / उपकेन्द्र लगायत हरेक वडा कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँस गरिनेछ।साथै उक्त सूचनालाई नगरपालिकाको वेबसाईट मा समेत राखिनेछ |

## (ग) माग संकलन

१. पशु विकास शाखा र पशु सेवा केन्द्रमा कृषि फार्म / कृषि समूह/ कृषि सहकारी संस्था / बहुउद्देशिय संस्थाहरुले आफ्नो निवेदन दर्ता गराउन सक्नेछन् ।

२. सेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निवेदनहरुलाई रुजु गरी सो को नाम उतार गरी १ प्रति सम्बन्धित सेवा केन्द्र/उपकेन्द्रमा  र १ प्रति पशु विकास शाखामा निवेदन दिने म्याद सकिएको ३ दिन मित्र निवेदन सहित सम्बन्धित सेवा केन्द्रले न.पा.को पशु विकास शाखामा पठाई सक्नु पर्नेछ ।

३. पशु बिकास शाखामा प्राप्त भएका निवेदनहरु लाई पुन रुजु गरी कम्पाइलेसन गर्ने काम शाखाबाट हुनेछ ।

# परिच्छेद : ४

# फिल्ड अबलोकन /निरिक्षण

## १. फिल्ड अनुगमन समिति

अनुदानका लागी रितपुर्वको निवेदन /माग पत्र गरेका कृषक/समुहको स्थलगत फिल्ड  निरीक्षण गर्न देहाय वमोजिमका ९ सदस्य रहेको अनुगमन टोली गठन हुनेछ ।

**संयोजक** – आर्थिक विकास समितिका संयोजक – **१ जना**

**सदस्य** – प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको **१ जना** अधिकृत स्तरको कर्मचारी – **१ जना**

**सदस्य** – आर्थिक विकास समिती सदस्य – **३ जना**

**पदेन सदस्य** – सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि – **१ जना**

**सदस्य** – सम्वन्धित पशु सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी – **१ जना**

**सदस्य –** शाखाका पशु शाखामा कार्यरत प्राविधिक कर्मचारी – **१ जना**

**सदस्य सचिव** – पशु विकास शाखा प्रमुख – **१ जना**

**२. प्राविधिक प्रतिवेदन तयार गर्ने**

१. अनुगमन टोली निवेकहरुको स्थलगत फिल्ड निरिक्षण गरी प्राविधिक मुल्याङन गरी नगरपालिकामा पेश गरिन्छ ।

२. स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रहेर वस्तु /सामाग्री /सेवामा अनुदानका लागि अनुगमन टोली द्वारा पेश भएको मुल्याङ्कनका आधारमा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत भए पछि कार्यक्रम संचालन हुनेछ ।

## परिच्छेद : ५
## छनौट समिति

देहाय अनुसारको पदाधिकारी रहने गरी प्रस्तावना पेश गरेका कृषकहरु लाई कार्यक्रममा सहभागी गराउन छनौट समिति गठन गरिने छ ।

**संयोजक** – आर्थिक विकास समितिको संयोजक -**१ जना**

**सदस्य** – आर्थिक विकास समितिको सदस्यहरु - **३ जना**

**सदस्य** – प्र.प्र.अ.वा निजले तोकेको एक अधिकृत - **१ जना**

**सदस्य** – पशु विकास शाखाका प्राविधिक - **२ जना**

**सदस्य** – कृषि शाखा प्रमुख वा निजले तोकेको एक प्राविधिक -**१ जना**

**स.सचिव** – पशु शाखा प्रमुख - **१ जना**

## परिच्छेद : ६

## अनुगमन समिति

काम सम्पन्न भए नभएको अनुगमन समितिको प्रतिबेदनको आधारमा भुक्तानी प्रकृिया अघि बढ्ने भएकोले नगरपालिकाको अनुगमन गर्न गठित देहाय वमोजिमका ९ सदस्य रहेको अनुगमन टोली बाट अनुगमन हुनेछ ।

**संयोजक –** आर्थिक विकास समितिका संयोजक – **१ जना**

**सदस्य –** प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको **१ जना** अधिकृत स्तरको कर्मचारी – **१ जना**

**सदस्य** – आर्थिक विकास समिती सदस्य – **३ जना**

**पदेन सदस्य** – सम्वन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि – **१ जना**

**सदस्य** – सम्वन्धित पशु सेवा केन्द्रमा कार्यरत प्राविधिक कर्मचारी – **१ जना**

**सदस्य –** शाखाका पशु शाखामा कार्यरत प्राविधिक कर्मचारी – **१ जना**

**सदस्य सचिव –** पशु विकास शाखा प्रमुख – **१ जना**

**⁎ पशु विकास शाखाले आमन्त्रीत सदस्यहरु कम्तिमा ५ जना सम्म समावेश गर्न सकिने छ ।**

**⁎ कार्यक्रम सम्पन्नको अनुगमन तथा निरिक्षण (कार्यकर्रमको बजेट ५ लाख भन्दा बढी भएमा )  भानु नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा रहेको नगर स्तरिय अनुगमन समितिले पनि गर्नेछ र बाकी फिल्ड अनुगमन समिति  छुट्टै वा नगर स्तरिय अनुगमन समितिले संयुक्त रुपमा गर्न सकिने छ ।**

## परिच्छेद : ७

## कार्यविधिको स्वीकृत र कार्यक्रम संचालन सम्बन्धी ब्यवस्था

१. यो कार्यविधि भानु नगरपालिका कार्यपालिका वाट स्वीकृत भएपछि लागु हुनेछ।

२. कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ७ दनि देखि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरि कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गरिनेछ ।यस्तो सूचना राष्ट्रिय दैनकि पत्रिका, स्थानीय तहको सूचना पाटी, सेवा केन्द्र, सेवा कार्यालय, वडा कार्यालयको सूचना पाटीमा र वेवसाईटमा समेत प्रकाशित गरिनेछ।

३. स्वीकृत कार्यक्रम संचालनका लागी योग्यता पुगेका प्रस्तावकहरुको हकमा सूचना प्रकाशन भए अगावै प्रचलित कानुन वमोजिम सम्वन्धित निकायमा दर्ता भएको, कर चुक्ता, स्थाई लेखा नं. प्राप्त गरेको,  गत आ.व को. लेखा परिक्षण साथै कुनै कारवाहीमा नपरेको हुनु पर्छ ।

४. ईच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजमिको अवधि भित्र प्रस्ताव पत्र, संक्षिप्त व्यवसायकि कार्य योजना, लागत साझेदारी गर्ने प्रतिवद्दता पत्र, सम्वन्धित सेवा केन्द्र र शाखको सिफारिस र निवेदन सहित निर्धारित समय भित्र सम्बन्धीत कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्ने छ ।रीत नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

५. म्याद थप सम्वन्धी व्यवस्थाः साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्ताव पर्याप्त मात्रामा दर्ता हुन नआएको खण्डमा सम्वन्धित कार्यालयले १५ दिनको म्याद थपको सूचना प्रकाशन गर्न सक्ने छ ।

६. भानु नगरपालिकाका पशु सेवा शाखाका कार्यक्रम आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा परिच्छेत-४ को उपदफा १ बमोजिम फल्डि अनुगमन टोली/समिति तथा सम्वन्धित विषयगत प्राविधिकहरु द्धारा फिल्ड अनुगमन गरि उपयुक्त कृषक/फार्म/समुह/सहकारीहरु लाई परिच्छेत-५ बमोजमि छनोट समतिबिाट छनोट गरि स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि अनुदानका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छन र प्रमुख प्रशासकिय अधिकृतले प्रचलित ऐन नियम अनुसार स्वीकृत गरेपछी अनुदान उपलबध हुनेछ ।

७. पशु सेवा शाखा संग सम्वन्धित कार्यक्रम गर्दा सम्बन्धित शाखा र आर्थिक बिकास समितको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतको स्वीकृत पछि संचालन हुनेछ ।

८. तालिम ,भ्रमण, गोष्ठी, बैठक, अनुगमन र प्रशासनकि कार्यमा विनियोजित बजेटको बढमिा ५ प्रतिशत सम्म खर्च गर्न सकिनेछ ।

# परिच्छेद : ७
# विविध

**१. दफा संसोधन तथा थपघट गर्न सक्ने** :- यस कार्यविधिमा उल्लेख दफाहरु संसोधन गरी थपघट गर्न सक्ने वा परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित शाखा र आर्थिक विकास समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले प्रचलित ऐन नियम अनुसार कार्यपालिका वाट स्वीकृत गर्न सकिने छ ।

**२. खारेजी र बचाउ**

क) यो कार्यविधि बमोजिम पशु शाखा प्रमुखले आफुमा निहित अधिकार मातहतका कुनै पनि कर्मचारी लाई प्रचलित नियम अनुसार प्रत्यायोजन गर्न सक्ने छ ।

ख) यस कार्यविधिको बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघिका कार्यहरु मान्य हुने छैन ।

ग) पशु सेवा बिभाग, मन्त्रालय तथा निर्देशनालय संगका कार्ययोजना फरक भएता पनि यस कार्यबिधि कार्यन्यनमा बाधा पुग्ने छैन ।

३. कार्यक्रम संचालन पशु सेवा शाखाको स्वीकृत बार्षिक कार्यविधि बमोजिम संचालन हुने छ ।

४. अनुगमन पश्चात अनुगमन टोलीको प्रतिबेदनको आधारमा कार्यक्रम संचालन गर्न सकिने छ ।

५. पशुसेवा केन्द्र/उपकेन्द्रमा संकलन भएको निबेदनहरुलाई रुजु गरी सो को विवरण उतार गरी १ प्रति सम्बन्धित वडा कार्यालयमा १ प्रति पशु विकास शाखामा निबेदन दिने म्याद सकिएको ३ दिन भित्र निबेदन सहित सम्बन्धित सेवा केन्द्रले नगरपालिकाको पशु विकास शाखामा पठाई सक्नु पर्नेछ ।

६. पशु सेवा शाखा वाट संचालन गर्ने कार्यक्रमको कार्यविधि - २०८१ खारेज हुनेछ ।

७. कृषि संजाल कार्यान्वयन कार्यविधि-२०८१

# अनुसूची - १
# निवेदन ढाँचा

मिति.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
भानु नगर कार्यपालिकाको कार्यालय, फ्रुसेटार
तनहुँ ।

विषयः- .............कार्यक्रमा आवेदन दर्ता गरिदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा यस भानु नगरपालिका पशु बिकास शाखाको आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका बाट मिति ....................................... गतेको प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं......... स्थित ............. को आवेदन दर्ता गरिदिनुहुन बिनम्र अनुरोधका साथ आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

तपशीलः

| क्र.स. | कृषि फर्म/कृषक समुहको नाम/कृषि सहकारीको नाम | ठेगाना | सम्र्पक नं. | अध्यक्ष /प्रोप्राईटरको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |

# अनुसूची-२
# सम्झौताको नमुना

यस भानु नगरपालिका कृषि विकास शाकाको बार्षिक स्वीकृत कृषि कार्यक्रम अर्न्तगत.............................. कार्यक्रममा आर्थिक विकास समितिको मिति............... निर्णय बमोजिम भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रथम पक्ष र कृषि फर्म/कृषक समूह /कृषि सहकारी /बहुउद्देशिय सहकारी श्री.......................................................दोस्रो पक्ष बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौदियौ |

१. सम्झौता गर्ने पक्ष र अनुदानग्राही

क.............कार्यक्रम अर्न्तरगतको कृषक समूहको सम्झौता अधिकारिक प्रतिनिधि

१) नामः श्री .......................

२)प्रतिनिधि गर्ने समूह/सहकारीको नामः श्री........................

३) ठेगानाः भानु-...........

ख) परियोजना स्थलको विवरणः...............................

ग) परियोजना कार्यन्वयन अवधि

१. शुरु हुने मितिः ......................

२. सम्पन्न हुने मितिः....................

२) परियोजना संञ्चालन हुने त्रियाकलाप सम्वन्धी विवरण

क) कार्यक्रमको नाम................................कार्यक्रम

ख) कार्यक्रमको किसिमः तोरी खेति

ग) कार्यक्रमको कुल लागत रू

घ) कार्यक्रमको प्रत्यक्ष लाभाम्वित हुने

१) कृषक परिवार संख्याः

२) जनसंख्याः

३) समुदायः

४) *दलितः*

५) जनजातीः

६ )अन्यः

**सम्झौताका सर्तहरु**

१. सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

२. दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछि तत्काल काम शुरु गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्यक्रम सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै संघसंस्था बाट सहयोग अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ|

४. दोस्रो पक्षले सम्झौता बमोजिको काम गर्दा प्रथम पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

**५. दोस्रो** पक्षले यस परियोजना संचालनका लागी सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चता गर्नु पर्नेछ ।

६. यस परियोजनाको मेशिनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकेको अवधि भित्र सम्पन्न गर्नु पर्ने छ ।

७ .प्रथम पक्षले सम्झौता वमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षवाट प्राप्त भए पश्चात रू............................./- (अक्षररुपी ............मात्र ) मा नबढने गरि नियम अनुसारको कर कट्टी गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्झौता वमोजिम पुर्वाधार निर्माण को लागी सामाग्री आपुर्ती कर्ता मेशिनरी आपुर्तिकर्ता लाई सौझै भुक्तानी दिन सक्नेछ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नुपर्ने छ ।

८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष आवश्यक कागजात (बिल,जग्गाको लालपुजा,नागरिकता,समुहको प्रमाणपत्र,समुहको माईनट,कार्य सम्पन वडाको सिफारिस , कार्य सम्पन फोटो) विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा भुक्तानी दिनेछ ।

९. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न भई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१०. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ|

११. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२.दोस्रो पक्षले परियोजानको निमार्ण कार्यमा लागेको खर्च विरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र सम्वन्धित सरोकारवालाको उपस्थितिमा गराउनु पर्ने छ ।

१३.दोस्रो पक्षले कृषि उत्पादनको सहयोगका लागी लिएको अनुदान रकम परियोजना निर्माण मेशिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिना मिना भएको देखिएमा वा हेलचक्राईको कारणवाट परियोजना वा निर्माण गरिएको पुर्वाधार मेशिनरी उपकरण हरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्ष वाट असुर उपर गरिने छ ।

१४.दोस्रो पक्षले समयमा कार्य सम्पन गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

१५.सम्झौताको सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन वमोजिम हुने छ ।

१६.स्थानिय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित सर्तहरुमा फेरवदल गर्न सकिने छ ।

१७.अन्य कुनै बुदाँमा थपघट गर्न परेका दुवै पक्षको आपसी सम्झदारीमा गरिने छ।

उपरोक्त वमोजिम कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्ने

**प्रथम पक्षको तर्फवाट**

नाम थरः श्री

पदः प्र.प्र.अ.

दस्तखतः ..............................

मितिः ..................................

साक्षी १ साक्षी २
नाम : नाम :
पद : पद :
दस्तखत : दस्तखत :

दोस्रो पक्षको तर्फबाट

कृषि समूहको समितिवाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

नाम :

प्रतिनिधत्व गर्ने कृषक समूहको समितिको नाम

ठेगाना

दस्तखत :

संस्थाको छाप :

साक्षी १ साक्षी २
नाम : नाम :
पद : पद :
दस्तखत : दस्तखत :

# अनुसुचि ३

## अनुसूची-३ सूचना प्रकाशनको ढाँचा

# भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय

# फुस्रेटार, तनहुँ ।

## प्रथम पटक प्रकाशन गरिएको मितिः २०......

भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फुस्रेटार, तनहुँ को आर्थिक वर्ष २०८२/८३ को स्वीकृत ............. कार्यक्रममा समावेश हुन ईच्छुक कृषि फर्म/समूह/सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले .........दिन भित्र नगरपालिकामा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

आवश्यक कागजातहरु :

१. अनुसूची-३ बमोजिमको निवेदन

२. अनुसूची-४ बमोजिमकोव्यक्तिगत विवरण

३. वडा कार्यालयको सिफारिस पत्र

४. नागरिकताको प्रतिलिपि

५. जग्गाधनी वा लिजमा लिएको प्रमाण पत्र

६. कृषि फर्म/समूह/सहकारी दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपि

७. आफ्नो निवेदनलाई पुष्ट्याईं गर्न फोटा, भिडियो, आय व्यय विवरण, लेखापरीक्षण प्रतिवेदन, कुनै निकायले दिएको सम्मान आदी ।

.......................

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुची- ४

# लागत प्रतिवद्धता-पत्र

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति .........................गतेमा प्रकाशित सूचना अनुसार भानु नगरपालिका वडा नं. ...........टोल............................... बाट श्री ........................................................................फर्म/कृषिसमूह/सहकारीको अध्यक्ष श्री.............................................. ले व्यवसायिक कृषि उत्पादन बृद्दि गर्नका लागी ................................................................... कार्यक्रम संचालन गर्न इच्छुक भएकोले आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु ............................को ..........प्रतिशतले हुन आउने रू.......................................अक्षरूपी ..............................................................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्न को प्रतिबद्धता जाहेर गर्दछु/छौ ।

<u>निवेदक</u>

दस्तखत

नामः

पदः

ठेगानाः

संस्थाको छाप

# अनुसुची-५

# कार्ययोजना

१.संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा | लाभग्राहीको तर्फबाट साझेदारी रकम रू. | स्थानीय तहको साझेदारी रकम रू. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

# अनुसुचि- ६

# मासु पसल छनोट मापदण्ड

| क्र. सं. | मुल्याङ्कनको आधार | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | फर्म संचालन भएको अवधी | १० | |
| १.१ | १ देखि २ वर्ष भएमा | २ | |
| १.२ | ३ देखि ५ वर्ष भएमा | ३ | |
| १.३ | ५ वर्ष भन्दा बढि भएमा | ५ | |
| २ | कार्यक्रम संचालन स्थलको भैतिक पुर्वाधारको अवस्था | २० | |
| २.१ | पुर्बाधारको अवस्था | ४ | |
| २.२ | सडक सुविधा भएको | ४ | |
| २.३ | बिजुलिको सुबिधा भएको | ४ | |
| २.४ | खानेपानिको सुबिधा भएको | ४ | |
| २.५ | जग्हाको स्वामित्व आफ्नै भएको | ४ | |
| ३ | प्राविधिक दक्षता र तालिम | १० | |
| ३.१ | ७ दिन सम्मको तालिम | २ | |
| ३.२ | ३ महिनाको तालिम | ३ | |
| ३.३ | ३ महिना भन्दा बढिको | ५ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ४.१ | लागत तथा बिक्रि | ५ | |
| ५ | प्रत्यक्ष लाभाम्वित सङ्ख्या (दैनिक) | १५ | |
| ५.१ | ५ जना सम्म | १ | |

| | | | |
|---|---|---|---|
| ५.२ | ६ देखि १० जना | २ | |
| ५.३ | ११ देखि १५ जना | ३ | |
| ५.४ | १६ देखि २० जना | ४ | |
| ५.५ | २१ जना भन्दा बढी | ५ | |
| ६ | वातवरणिय उपयुक्तता | १० | |
| ६.१ | वातवरणिय प्रभाव आकलन गरेको | ५ | |
| ६.२ | वातवरणिय प्रभाव न्युनिकरणमा सामेल भएको | ५ | |
| ७ | थप आधार | ३० | |
| ७.१ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ७.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ७.३ | ब्यवसायिक योजना | ५ | |
| ७.४ | उपयुक्त स्थान | ४ | |
| ७.५ | वडा कार्यालयको सिफारिस | १ | |
| ७.६ | ५ वर्ष सम्मको प्रतिवद्दता | ५ | |
| ७.७ | दर्ता र नबिकरण | ५ | |
| | जम्मा | १०० | |

# अनुसुचि- ७

## साझेदारी कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव पत्र

### क) प्राबिधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यन्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम र ठेगाना | |
| ४ | सम्पर्क नं. | |
| ५ | आवेदकको संस्था / फर्म/ कम्पनि । उद्योग/ व्यवसाय दर्ता नम्बर | |
| ६ | भ्याट/प्यान दर्ता नम्बर | |
| ७ | संस्था स्थापना पश्चातको अवधिमा संचालन वर्ष | |
| ८ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत | |
| ९ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम | |
| १० | सम्बन्धित कार्यालय संग माग लागत | |
| ११ | प्रस्तावित कार्यक्रमको उदेश्य | |
| ११.१ | | |
| ११.२ | | |
| ११.३ | | |

<table>
<tr><td>११.४</td><td colspan="2"></td><td colspan="2"></td></tr>
<tr><td>१२</td><td colspan="2">प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विध्यमान भौतिक पूर्वाधारहरु</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">सडक सुबिधा (छ/छैन)</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">नजिकको बजारको नाम</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">कस्तो सडक (कच्ची/पक्कि)</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">बजार सम्मको दुरी</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">बिजुली सुबिधा (छ/छैटन)</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">जग्गाको स्वामित्व (आफ्नै/लिज)</td><td colspan="2"></td></tr>
<tr><td></td><td colspan="2">खानेपानि सुबिधा (छ/छैन)</td><td colspan="2"></td></tr>
<tr><td>१३</td><td colspan="2">आफ्नै स्वामित्वको भवन, मेशीनेरी, सवारी साधन, यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्ने</td><td colspan="2"></td></tr>
<tr><td></td><td>क.स.</td><td>विवरण</td><td>ईकाइ</td><td>अवस्था</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td colspan="2">प्रस्तावित कार्यक्रमवाट लाभ्वान्वित हुनेको संख्या</td><td colspan="2"></td></tr>
<tr><td>१५</td><td colspan="2">प्रस्तावित कार्यक्रम बात सम्पन्न गरिने क्रियाकलापको विवरण</td><td colspan="2"></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| १६ | कार्य समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु | | |
| | | | |
| | | | |
| १७ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम | | |
| | क.स. | सहकार्य गर्ने निकाय | सहकार्य रकम रू. |
| | | | |
| | | | |
| १८ | प्रस्ताविक कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) | | |
| | | | |
| | | | |
| १९ | आवेदक संग विद्यमान जनशक्तिको विवर | | |
| | क.स. | जनशक्तिको विवरण | दक्षता |
| | | | |
| २० | संचालित कार्यक्रमले वातावरणमा | | |

| | | |
|---|---|---|
| | पर्न सक्ने नकारात्मक असर | |
| | | |
| | | |
| २१ | वातावरण असर न्यूनीकरण लागि अपनाइने उपायहरु | |
| | | |
| | | |
| | | |
| २२ | प्रस्ताविक कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी | |
| | | |

ख. आर्थिक प्रस्ताव

| प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | मुख्य क्रियाकलापहरु | ईकाइ | परिणाम | प्रति इकाई दर | कुल लागत रकम रु | प्रस्तावकको योगदान रु | माग गरिएको अनुदान रकम रु |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| जम्मा | | | | | | | |
| भ्याट रु | | | | | | | |
| कुल जम्मा रु | | | | | | | |

माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु झुठो ठहरिए कानुन बमोजिम सजाय भोग्न तयार छु छौ ।

प्रस्तावकको संस्थाको जिम्मेवार पदाधिकारीको

नाम

पद

सम्पर्क नं.:

हस्ताक्षर

मिति

संस्था को छाप (संस्थाको हकमा)

## अनुसुचि-८

### गाई भैसि तथा बाख्रामा गरिएको कृतिम गर्भाधानको रिपोट

**सालः.........** **महिनाः......................**

| क्र. स. | कृषकको नामथर | ठेगाना | सम्पर्क नं. | पशुको किसिम | पशुको जात | सिमेन नं. | कृ.ग. मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |

**जम्मा गाईः** **जम्मा भैसिः** **जम्माः**

**कृतिम गर्भाधानकर्ताको नामः**

**हस्ताक्षरः**

# अनुसुचि-९

# पशुपन्छी प्रोफाईलका फारमहरु

## फारम नं. १

## पशुको संख्या र उत्पादनको विवरण

आ.व. २०८२/०८३

भानु नगरपालिका वडा नं.......          टोल................

कृषकको नामः                                        सम्पर्क नं.

<table>
<tr><td colspan="3" rowspan="2">पशुको संख्याको विवरण</td><td colspan="3">संख्या</td><td rowspan="2">विगतमा १ वर्षमा जन्मेको संख्या</td><td colspan="2">विगत एक वर्षको मुत्यु विवरण</td></tr>
<tr><td>स्थानिय</td><td>उन्नत</td><td>जम्मा</td><td>प्राकृतिक रुपमा मरेको</td><td>अन्य कारणले मरेको</td></tr>
<tr><td rowspan="7">गाई/गोरु</td><td rowspan="2">१ वर्षमुनिका</td><td>बाच्छा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बाच्छी</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="5">२ वर्ष भन्दा माथिका</td><td>बहर</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कोरिली</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दुध दिने गाई</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दुध नदिने गाई</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गोरु</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td rowspan="5">रागो/ भैंसी</td><td rowspan="2">१ वर्षमुनिका</td><td>पाडा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>पाडी</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="3">२ वर्ष भन्दा माथिका</td><td>बहर</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कोरेली</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>दुध दिने भैसी</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दुध नदिने भैसी | | | | | | |
| | | रागो | | | | | | |
| | | | | | | | | |
| बाखा | ३ महिना मुनिका | पाठा | | | | | | |
| | | पाठी | | | | | | |
| | ३ देखी ९महिना सम्म | पठ्याङ्गा\ बोका | | | | | | |
| | | पठ्याङ्गी | | | | | | |
| | ९ महिना भन्दा माथिका | खसि | | | | | | |
| | | बोका | | | | | | |
| | | थारा बाखा | | | | | | |
| | | ब्याएको बाखा | | | | | | |
| | | | | | | | | |
| भेडा | ६ महिना मुनिका | पाठा | | | | | | |
| | | पाठी | | | | | | |
| | ९ महिना भन्दा माथिका | छतौरा | | | | | | |
| | ९ महिना भन्दा माथिका | छतौरी | | | | | | |
| | | खसी | | | | | | |
| | | थुमा | | | | | | |
| | | थारा भेडी | | | | | | |
| | | ब्याएको भेडी | | | | | | |
| | | | | | | | | |
| | ३ महिना मुनिका | पाठा | | | | | | |
| | | पाठी | | | | | | |
| | ३ महिना | बिर | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संगुर\ बंगुर | भन्दा माथिका | खसी | | | | | |
| | | भुनी | | | | | |
| | ३ महिना भन्दा माथिका | खसी | | | | | |
| | | बिर | | | | | |
| | | माउ | | | | | |
| | | व्याएको भेडी | | | | | |
| | | | | | | | |
| कुखुरा | चल्ला | | | | | | |
| | भाले | | | | | | |
| | पोथि | फुल पार्ने | | | | | |
| | | फुल नपार्ने | | | | | |
| | | | | | | | |
| कुकुर | | | | | | | |
| बिरालो | | | | | | | |
| कालिज | | | | | | | |
| हास | | | | | | | |
| खरायो | | | | | | | |
| अन्य | | | | | | | |

# फारम नं. २ घाँस खेतिको विवरण

| विवरण | | | खेति गरेको क्षेत्रफल (रोपनी) |
|---|---|---|---|
| एक बर्षे | अकोषे/अकोषे | बर्सिम | |
| | | भेच | |
| | | टियोसेन्टी | |
| | | जै | |
| | | अन्य | |
| बहुवर्षे | कोषे | स्टाईलो | |
| | | सेन्ट्रो | |
| | | अन्य | |
| | अकोषे | नेपियर | |
| | | पारा | |
| | | सेटारिया | |
| | | अमृसो | |
| | | अन्य | |
| डाले घाँस | अकोषे/अकोषे | ईपिल ईपिल | |
| | | टाकी | |
| | | बकाईनो | |
| | | किम्बु | |
| | | अन्य | |
| | | | |

तयार गर्ने          सिफारिस गर्ने          प्रमाणित गर्ने

## फारम नं. ३

## व्यवसायिक पशुपन्छी फर्म दर्ता गरेको हकमा

## तथ्याङ्क फारम

फर्मको नामः

संचालन गरेको ठेगानाः

दर्ता गरेको निकायः दर्ता नं.

दर्ता मितिः नबिकरण मितिः

संचालको नामः ठेगानाः

सम्पर्क नं.

संचालन गरेको मुख्य क्रियाकलाब

१.

२.

३.

# फारम नं. ४

## व्यवसायिहरुको विवरण (दाना, मासु, अण्डा, दुध, एग्रोभेट, ह्याचरी, श्रोतकेन्द्र)

| क्र.सं. | व्यवसायको नाम | प्रोपाईटरको नाम | ठेगाना | सम्पर्क नं. | व्यवसायको किसिम | बिक्रि / सेवा | दर्ता नं. र निकाय | बार्षिक लगानि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## फारम नं. ५

## माछापालक कृषकको विवरण

| क्र.स. | कृषकको नाम | ठेगाना | पोखरिको संख्या | माछाको जात | | | | उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्प | स्थानिय | तिलापिया | अन्य | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आज्ञाले**

**धुर्बराज पौडेल**

**निमित्त प्रमुख प्रशासकिय अधिकृत (नगर शिक्षा अधिकारि)**